आज मिति २०८१।०९।२४ गते यस कपुरकोट गाउँ कार्यपालिकाको १२१ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका घरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री बिमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत

श्री केशर सिंह खड्का - का स

**कुपुरकोट गाउँपालिकाको मिति २०८१।०९।२४ गतेको १२१ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:**

१. कर्मचारी पदस्थापन सम्बन्धमा ।

२. संघीय/प्रदेश समपुरक/विशेष अनुदान सम्बन्धमा ।

३. बाटो मर्मत भुक्तानी सम्बन्धमा ।

४. विविध ।

२०८१।९।२२

कपुरकोट गाउँपालिकाको मिति २०८१।०९।२४ गतेको १२१ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. यस कपुरकोट गाउँपालिकामा मिति २०७६।०९।०८ गते (हाजिरि भएको मिति) लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, स्थानीय तह, अधिकृतस्तर छैटौं तह/पदमा नियुक्ति एवं पदस्थापन भएका तपसिलका कर्मचारीलाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा ८ को उपदफा १ र ४ बमोजिम मिति २०७७ साल फागुन ६ गतेदेखि जेष्ठता कायम/लागु हुनेगरि शाखा अधिकृत (अधिकृतस्तर सातौं) पद/तह कायम गर्ने ।

तपसिल:

क) श्री खगेन्द्र बहादुर शाही (क.सं. नं. २३६७०२): स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, शाखा अधिकृत (अधिकृतस्तर सातौं)

२. कर्णाली प्रदेश सभाबाट जारी स्थानीय सेवा (संगठन तथा संचालन) ऐन, २०८१ को दफा १२६ को उपदफा (२) मा भएको व्यवस्था अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार विभिन्न मितिमा यस कपुरकोट गाउँपालिकाको कार्यालयबाट कामकाजमा खटिई जानुभएका तपसिल बमोजिमका कर्मचारीहरुलाई हाल कामकाज गरिरहेकै स्थानीय तहमा पदस्थापनका लागि सहमति दिने ।

| क. सं. | कर्मचारीको नामथर | पद | तह | सेवा /समुह | हाल कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विष्णु प्रसाद खनाल (क.सं नं २३६६८७) | सहायक | सहायकस्तर पाचौं | प्रशासन/सा. प्र. | भैरवि गाउँपालिका दैलेख | |
| २ | सरिता कुमारी कंडेल(क.सं नं २३६६८३) | सहायक | सहायकस्तर पाचौं | प्रशासन/सा. प्र. | गुर्भाकोट नगरपालिका सुर्खेत | |
| ३ | प्रेम थापा(क.सं नं २४०३९८) | अ. स. ई. | सहायकस्तर चौथो | ईन्जिनियरिङ/सिभिल | लेकबेशी नगरपालिका सुर्खेत | |
| ४ | गणेश बली(क.सं नं २३६६९७) | सहायक | सहायकस्तर चौथो | प्रशासन/सा. प्र. | बागचौर नगरपालिका सल्यान | |
| ५ | लक्ष्मी कुमारी महतारा(क.सं नं २३६६९६) | सहायक | सहायकस्तर चौथो | प्रशासन/सा. प्र. | भैरवि गाउँपालिका दैलेख | |

३. कर्णाली प्रदेश सभाबाट जारी स्थानीय सेवा (संगठन तथा संचालन) ऐन, २०८१ को दफा १२६ को उपदफा (२) मा भएको व्यवस्था अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार विभिन्न मितिमा यस कपुरकोट गाउँपालिकाको कार्यालयमा कामकाजमा खटिई आउनुभएका तपसिल बमोजिमका कर्मचारीहरुलाई यस कार्यालयमा पदस्थापनका लागि सहमति दिने।

निर्णय प्रमाणित

| क.सं. | कर्मचारीको नामथर | पद | तह | सेवा /समुह | हालको कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोहन खड्का (क.सं नं ६-६१-४६७६-००४९५) | अधिकृत सातौं | अधिकृत सातौं | प्रशासन/सा.प्र. | बनगाड कुपिण्डे नगरपालिका सल्यान | |
| २ | हुकुम वली (क.सं नं २३५५९३) | आ. ले. प. | सहायकस्तर पाँचौ | प्रशासन/लेखा | शान्तीनगर गाउँपालिका दाङ | |
| ३ | रोमहर्ष के सी (क.सं नं २३६४३२) | सहायक | सहायकस्तर पाँचौ | प्रशासन/सा.प्र. | शान्तीनगर गाउँपालिका दाङ | |
| ४ | प्रकाश बुढामगर (क.सं नं २४१८०६) | अ. स. ई. | सहायकस्तर चौथो | ईन्जिनियरिङ/सिभिल | छत्रेश्वरी गाउँपालिका सल्यान | |
| ५ | हिरामणी घर्ति (क.सं नं २३७२०७) | सहायक | सहायकस्तर चौथो | प्रशासन/सा.प्र. | बनगाड कुपिण्डे नगरपालिका सल्यान | |

४. यस कपुरकोट गाउँपालिकाको आ व २०८२/०८३ का लागि तपसिलका योजनाहरु संघीय समपुरक अनुदान र विशेष अनुदान शिर्षकमा राखे ।

क) संघीय समपुरक अनुदान तर्फः

१. कपुरकोट सात्वोबाटो सडक स्तरोन्नती योजना वडा नं ३

२. खाली गर्पा दहवन सडक स्तरोन्नती योजना वडा नं १ र २

ख) संघीय विशेष अनुदान तर्फः

१. घंघारीचौर पर्यटकीय स्थलमा पार्क निर्माण वडा नं ४

२. बगरखोला भुन्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १

५. यस कपुरकोट गाउँपालिकाको आ व २०८२/०८३ का लागि तपसिल बमोजिमका आयोजनाहरु कर्णाली प्रदेश समपुरक अनुदान र विशेष अनुदान शिर्षकमा राखे ।

क) प्रदेश समपुरक योजना तर्फः

१. कपुरकोट दमारखोला झुलनेटा सिमलकुना सडक योजना वडा नं २

२. पाथीहाल्ना धारखोला ठुलीमुल सडक योजना वडा नं ४

ख) प्रदेश विशेष अनुदान तर्फः

१. दुमैखोला गट्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १

२.सिस्नेरी खानेपानी योजना वडा न ५

६. आ.व. २०८१।०८२ को कपुरकोट गाउँपालिकाका ६ वटै वडामा वर्षादको कारण बिग्रिएका सम्पूर्ण सडकहरुको मर्मत कार्य हाल सम्पन्न भई सकेकोमा वडा कार्यालय र वडा प्राविधिकहरुबाट पेश भएको सिफारिस बमोजिम सम्झौतामा उल्लेख भए अनुसार वास्तविक कार्य घण्टा कायम गरि ठेक्का दररेटमा अन्तिम बिल तयार गरि चालु आ व मा विनियोजित बजेट शिर्षकबाट भुक्तानी गर्ने र अपुग रकम यस कपुरकोट गाउँपालिकाको आउदो हिउँदे गाउसभाबाट स्रोत सुनिश्चित गरि बाँकी रकम भुक्तानी गर्ने ।

३. आ.व. २०८०।०८१ को यस पालिकाको लिजा (LISA) र फ्रा (FRA) नतिजा उपर छलफल गरि पृष्टपोषण सहित अनुमोदन गर्ने ।

निर्णय प्रमाणित

२०८१/१२/१४